# शिक्षक पदस्थापना मापदण्ड, २०७६

प्रमाणीकरण मिति :२०७६/०७/२८

शिक्षक सेवा आयोगबाट सिफारिस भई आएका शिक्षा विकास तथा समन्वय ईकाइ गुल्मीबाट स्थायी नियुक्ति पाई यस चन्द्रकोट गाउँपालिका गुल्मीमा पदस्थापना भएका नवनियुक्त विद्यालय शिक्षकहरुको यसै गाउँपालिका अन्तर्गतका विभिन्न विद्यालयहरुमा तपसिलमा उल्लेखित शर्तहरुको अधिनमा रहि पदस्थापना गर्नका लागि यो मापदण्ड स्वीकृत गरिएको छ।

## शिक्षक नियुक्ति तथा पदस्थापनाका मापदण्डहरु

१. शुद्ध रिक्त अस्थायी दरवन्दीमा अस्थायी शिक्षकको रुपमा कार्यरत व्यक्तिलाई कार्यरत विद्यालयमा पदस्थापना गर्ने।

२. क र ख श्रेणीको अपाङ्गता भएका व्यक्तिहरुलाई रिक्त पदमा भए सम्म पायक पर्ने विद्यालय दिने।

३. महिलाहरुको हकमा स्थानीय तह भित्र स्थायी घर ठेगाना भएकालाई प्राथमिकता दिने र सो बाहेक अन्य महिलाको हकमा महिलाहरु मध्येको एकीकृत सूचीको योग्यता क्रमलाई आधार मान्ने।

४. बाँकीको हकमा एकीकृत सूचीको योग्यताक्रम अनुसार प्राथमिकता दिने।